ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङ्गडाँडा, पर्सा
प्रदेश नं.२

# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७७/०४/२९)

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७/०७८ च.न. PMEP २३ को मिति २०७७/०४/२९ को पत्रानुसार यस ठोरी गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यलयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/२०७७/०७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ (संख्या) | |

**१.आवश्यक न्युनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरिंगमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा उतिर्ण भएको।

**(ख) अनुभव र सीपः-** प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ।

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत, अनुगमन, सुपरिवेक्षण, र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको।

**(ग) उमेरः-** कम्तिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

**२. दरखास्त दिने स्थानः-** ठोरी गाउँपालिकाको कार्यालय, घ्याङ्गडाडा पर्सा।

**३. दरखास्त दिने अन्तिम मितिः-** २०७७/०५/१२ गते सम्म।

**४. आवेदनको दरतुरः-** रु.५००/-

**५. छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन, लिखित परिक्षा र अन्तर्वार्ता।

**६. आवेदनका साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरिएको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः-

- नागरिकता
- न्युनतम योग्यताको लब्धाङ्कको प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साईजको फोटो

**७. सेवा सुविधाः-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको **दफा (११), (१२) र (१३)** बमोजिम हुनेछ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको **दफा (९)** बमोजिम हुनेछ।

**नोटः-** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी **www.pmep.gov.np** मा उपलब्ध छ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner